# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २५ गते २०३१ साल

श्री ५ को सरकार
मन्त्रिपरिषद् सचिवालयको
सूचना

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०२४ (संशोधन सहित) को नियम ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २४, मिति ०३१।४।७, संख्या १५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित गृह मन्त्रालय तथा पञ्चायत मन्त्रालयको कार्य विभाजनसम्बन्धी विषयहरूको बाँडफाँडसम्बन्धी यस सचिवालयको सूचनामा देहायबमोजिम संशोधन गरेको छ :–

१. गृह मन्त्रालयतर्फ रहेको विषय संख्या २९ पछि "३०, वारुणयन्त्र तथा सो सम्बन्धित सबै काम" भन्ने थप गरी भैरहेको संख्या ३० लाई ३१ गरिएको छ ।

२. पञ्चायत मन्त्रालयतर्फ रहेको विषय संख्या १ देखि १२ सम्मको सट्टा देहायबमोजिमको विषय राखिएको छ :–

१. गाउं, नगर तथा जिल्ला पञ्चायतहरू ।

२. अञ्चल सभा र अञ्चल समितिहरू ।

३. पञ्चायतसम्बन्धी ऐन नियम र तिनको कार्यान्वयन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. राष्ट्रिय पञ्चायतसम्बन्धी प्रबन्धहरू।
५. राष्ट्रिय पञ्चायतमा श्री ५ को सरकारको कार्यक्रम।
६. गाउँ फर्क, निर्वाचन आयोग र राष्ट्रिय पञ्चायतको श्री ५ को सरकारसँग सम्पर्क।
७. वर्गीय र व्यवसायिक संगठनहरू।
८. हाट, वजार, मेला।
९. पञ्चायत व्यवस्थाको विकास।
१०. पञ्चायत प्रशिक्षण।
११. पञ्चायत अनुसन्धान।
१२. दुर्गम क्षेत्र एवं स्थानीय विकास।
१३. सामुदायिक विकास।
१४. स्थानीय जनशक्ति र जन सहयोगको परिचालन।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव

३२५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।